# यूनिभर्सल पावर कम्पनी लिमिटेडको

## आ.व. २०७३/२०७४ को बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट)

### १. बैधानिक सभा

कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम कम्पनीको आ.व. २०७३/७४ को वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनिल कुमार रुङ्टा ज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु भयो ।

### २. सभाको मिति, स्थान र समय

मिति : सेप्टेम्बर १४, २०१७ (भदौ २९, २०७४)

समय : दिउँसोको ३:०० बजे, बिहीबार

स्थान : अमृत भोग पार्टी प्यालेस, कालिकास्थान, काठमाण्डौ ।

### ३. सभाको सूचना

सञ्चालक समितिको मिति भाद्र ०१, २०७४ को निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बार्षिक सधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको ठेगानामा पत्राचार गरी सोहि बमोजिमको जानकारीका लागि मिति भाद्र ०६, २०७४ मा राष्ट्रिय दैनिक अभियान पत्रिकामा र भाद्र १३, २०७४ मा राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना प्रकाशित भएको थियो ।

### ४. प्रस्तावहरु

**क) साधारण प्रस्तावहरु**

१) संचालक समितिको आ.व. २०७३/०७४ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।

३) आ.व. २०७४/७५ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु**

१) प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

२) अग्राधिकार शेयरलाई साधारण शेयरमा परिणत गर्ने ।

३) सर्वसाधारणको लागि शेयर निष्काशन (Initial Public Offering) गर्ने ।

**ग) विविध**

Anil K. Rungta

UNIVERSAL POWER COMPANY LTD.

## ५. उपस्थिति

### ५.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री अनिल कुमार रुङ्टा | अध्यक्ष |
| २. श्री विनय कुमार भण्डारी | प्रबन्ध सञ्चालक |
| ३. श्री रमेश प्रसाद नेपाल | सञ्चालक |
| ४. श्री उत्तम भ्लोन लामा | सञ्चालक |
| ५. श्री पुष्पेन्द्र भट्टराई | सञ्चालक |

### ५.२ आमन्त्रित

| | |
|---|---|
| १. श्री आभास पण्डित | कम्पनी सचिवको तर्फबाट |
| २. श्री सोम नाथ कँडेल | गान्धी एण्ड एशोसिएट्सका तर्फबाट |

### ५.३ शेयरधनीहरुको उपस्थिति

१. उपस्थित हुने अग्राधिकार शेयरधनीहरुको संख्या : ६४३

२. उपस्थित हुने साधारण शेयरधनीहरुको संख्या : ४

३. जम्मा उपस्थित संख्या : ६४७

## ६. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ अनुरुप)

आजको यो सभा बैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनी ऐन २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम शेयरधनीको गणपूरक संख्या पुरा भई सभाको वैधानिकता पुरा भएकोले सभाको काम कारवाही अगाडी बढाउन अध्यक्षज्यूले निर्देशन दिनुभयो ।

## छलफल तथा निर्णयहरु

**साधारण प्रस्तावहरु :**

**प्रस्ताव नं. ४. (क) १**

अध्यक्षज्यूले कम्पनीको आ. व. २०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सो आ. व. का मुख्य उपलब्धिहरु र भविष्यका कार्यक्रमहरु बारे चर्चा गर्नु भयो । उक्त प्रतिवेदन माथि निम्न शेयरधनी महानुभवहरुले निम्न बमोजिम जिज्ञासा राख्नुभयो ।

शेयरधनी श्री कृष्ण प्रसाद अर्याल ज्यूले अग्राधिकार शेयरधनीहरुलाई दिईने ७.५ प्रतिशत प्रतिवद्धता शुल्क कहिले पाईने हो, उक्त शुल्क कसरी हिसाव हुन्छ र कहिले देखि कहिले सम्मको पाइन्छ भनि आफ्ना जिज्ञासा एवं प्रश्नहरु राख्नु भयो ।

Anil K. Rungta

UNIVERSAL POWER COMPANY LTD.

अर्का शेयरधनी श्री मनोहर लामिछाने ज्यूले दिईएको समय भन्दा अगाडि नै अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुन लागेको छ यसको हिसाब कसरी हुन्छ, खर्च धेरै देखिएको छ यसको प्रभावकारीता के हुन्छ र साथै ब्यालेन्ससिट को बारेमा प्रकाश परिदिनु हुन आग्रह गर्दछु भनि आफ्ना जिज्ञासा हरु राख्नु भयो ।

अर्का शेयरधनी श्री राम कृष्ण प्रजापती ज्यू र शेयरधनी श्री विष्णु कुमार श्रेष्ठ ज्यूहरुले अग्राधिकार शेयर साधारण शेयरमा परिणत भए पछि Income Statement मा कस्तो प्रभाव पर्छ, भविश्यमा के हुन्छ भन्ने कुराको Financial Projection आएन, विद्युत खरिद बिक्री सम्झौता आंशिक रुपमा भएको देखिन्छ कसरी विद्युत बिक्री गरिन्छ भनि आफ्ना जिज्ञासाहरु राख्नु भयो ।

अर्का शेयरधनी श्री राम प्रसाद कोईराला ज्यूले यो बार्षिक साधारण सभा कति औं साधारण सभा हो खुलेन, तल्लो खारे खोला जलविद्युत आयोजना कहिले सम्ममा सम्पन्न हुन्छ भनि आफ्ना जिज्ञासा तथा प्रश्नहरु राख्नु भयो ।

त्यस्तै अर्का श्री शेयरधनी इन्द्रमणि ढकाल ज्यूले यो बार्षिक साधारण सभा कति औं साधारण सभा हो अग्राधिकार शेयर साधारण शेयरमा परिणत भए पछि को अवस्था के हुन्छ, अव आउने साधारण सभा पछि शेयरधनीहरुको अधिकार के हुन्छ, ब्याजको कुरा के हुन्छ भनि आफ्नो जिज्ञासा तथा प्रश्नहरु राख्नु भयो ।

अर्का शेयरधनी श्री टिका बहादुर थापा ज्यूले संशोधनको दफा ६ को उपदफा 'ग' किन हटाएको भनि आफ्नो जिज्ञासा राख्नु भयो ।

शेयरधनी श्री खगेन्द्र आचार्य ज्यूले ICRA ले कति Rating दियो, साथै वार्षिक प्रतिवेदन आ.व. २०७३/७४ को पेज नं. १६ मा भएको आय विवरण माथि प्रस्ट पारिदनुहोस् भनि आफ्नो जिज्ञासा राख्नु भयो ।

शेयरधनी श्री प्रेम राज भट्ट ज्यूले अग्राधिकार शेयर आज बाट साधारण शेयरमा परिणत भए पछि भोलिको दिनबाट ७.५ प्रतिशत प्रतिवद्धता शुल्क को कुरा के हुन्छ ? लक्ष्य भन्दा बढि लागत बढेको छ वा छैन, ब्याज खर्च उच्च भयो, Initial Public Offering (IPO) पछि शेयर २ वर्ष सम्म Right गर्न पाइन्न नयाँ प्रोजेक्टका लागी लगानीको श्रोत कसरी जुटाउने हो भनि आफ्ना जिज्ञासाहरु राख्नु भयो ।

शेयरधनी श्री शिव राम श्रेष्ठ ज्यूले Initial Public Offering (IPO) को लागी के कस्तो प्रकृया हुँदैछ, P/L account किन खाली छ भनि आफ्नो धारणा राख्नु भयो ।

शेयरधनी श्री महेश प्रसाद श्रेष्ठ ज्यूले साधारण सभाको जानकारी गराइएको एस.एम.एस तथा कुरियर केहि पनि आएन, खर्चहरु किन छुट्टा छुट्टै देखाएको भनि जिज्ञासा हरु राख्नु भयो ।

Anil K. Rungta

UNIVERSAL POWER COMPANY LTD.

शेयरधनी श्री जितेन्द्र देवि काफ्ले ज्यू र श्री शेयरधनी माधव प्रसाद अधिकारी ज्यूहरुले लेखा परिक्षण शुल्क किन धेरै दिएको, गत वर्षको र अहिले को एउटै हो कि फरक छ, लेखा परिक्षकको प्रस्ताव कति जनाको आयो र के आधारमा लेखापरिक्षक नियुक्त गरियो भनि आफ्ना जिज्ञासाहरु राख्नु भयो ।

शेयरधनी श्री गोविन्द उप्रेती ज्यूले राधी विद्युत कम्पनीले ICRA Rating ३ पायो यूनिभर्सल पावर कम्पनी लि. ले कति पाउँछ भनि आफ्ना जिज्ञासा राख्नु भयो ।

त्यस्तै अन्य श्री शेयरधनी महानुभावहरुले यू.एस. डलरको भाउ तल गएको छ यसले कम्पनीलाई फाइदा हुन्छ की घाटा हुन्छ, ८.२६ वा २.७४ मेघावाट मध्ये कुन को विद्युत evacuate हुन्छ , अग्राधिकार शेयर प्रोमोटर शेयरमा परिवर्तन हुने हो की साधारण शेयरमा परिवर्तन हुने हो, अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन भए पछि मतदान अधिकार के हुने हो भनि आफ्ना जिज्ञासा तथा प्रश्नहरु राख्नु भयो ।

शेयरधनीहरुले उपरोक्त अनुसार कम्पनीले आगामी कार्यक्रमहरुको बारेमा लगायत अन्य विषयहरुमा राखेको जिज्ञासाहरु माथि कम्पनीका प्रबन्ध संचालक ज्यूले प्रस्ट पार्नु भयो । तत्पश्चात अध्यक्षज्यूले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ४ (क) २**

लेखापरीक्षकले तयार पार्नुभएको आ. व. २०७३/०७४ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरण वार्षिक साधारण सभामा स्वीकृतिका लागी पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ.व. २०७३/७४ को प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ४ (क) ३**

अध्यक्षज्यूले आ.व. २०७४/०७५ को लागी लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षज्यू द्धारा कम्पनीको आ.व २०७४/०७५ का लागि पि. महासेठ एण्ड कम्पनीका परमेश्वर महासेठलाई आ.व. २०७४/७५ को लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक कर सहित रु. २,५०,०००/- (रु. दुई लाख पचास हजार मात्र) निर्धारण गर्ने प्रस्ताव वैठक सामु राख्नुभयो ।

छलफल पश्चात्, सबै शेयरधनीहरु द्वारा सर्वसम्मत्मा, पि. महासेठ एण्ड कम्पनीका परमेश्वर महासेठलाई आ.व. २०७४/०७५ को लेखापरीक्षक नियुक्ति गरियो र निजको पारिश्रमिक कर सहित रु. २,५०,०००/- (रु. दुई लाख पचास हजार मात्र) हुने प्रस्ताव पारित गरियो ।

Anil K. Rungta

UNIVERSAL POWER COMPANY LTD.

**विषेश प्रस्तावहरु**

**प्रस्ताव नं. ४. (ख) १**

अध्यक्ष ज्यूले यस यूनिभर्सल पावर कम्पनी लिमिटेडको हाल कायम रहेको प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव यस साधारण सभामा प्रस्तुत गर्नु भयो ।

छलफल पश्चात् साधारण सभामा उपस्थित शेयरधनीहरुबाट प्रबन्धपत्रको दफा ६ र दफा ७ मा र नियमावलीको नियम ७, नियम ८, नियम १३, नियम २७ र नियम २९ मा निम्न बमोजिम हुने गरी संशोधन गरिने निर्णय सर्वसम्मतले पारित गरियो ।

**प्रबन्धपत्र र नियमावलीमा संशोधन (तिन महले)**

**प्रबन्धपत्रमा संशोधन (तिन महले)**

| साविक व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|
| **दफा ६ कम्पनीको पूँजीको संरचना :** | **दफा ६ कम्पनीको पूँजीको संरचना :** | |
| (६)(क) यस कम्पनीको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (एक सय बीस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- ( एक सय) दरका २०,००,००० ( बीस लाख) थान साधारण शेयर र प्रति शेयर रु. १००/- (एक सय) दरका १,००,००,००० (एक करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | (६)(क) यस कम्पनीको अधिकृत पूँजी रु. २,२०,००,००,०००/- (दुई अर्ब बीस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका २,२०,००,००० (दुई करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले विभिन्न जलविद्युत आयोजनामा लगानी गर्नु पर्ने भएकोले । |
| (६)(ख) कम्पनीको जारी पूँजी रु. १,२०,००,००,०००/- (एक सय बीस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका २०,००,००० (बीस लाख) थान साधारण शेयर र प्रति शेयर रु. १००/- (एक सय) दरका १,००,००,००० (एक करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | (६)(ख) कम्पनीको जारी पूँजी रु. २,१०,०३,५०,०००/- (अक्षेरुपी दुई अर्ब दश करोड तीन लाख पचास हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- ( एक सय) दरका २,१०,०३,५०० ( दुई करोड दश लाख तीन हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ । | अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले । |
| (६)(ग) कम्पनीका संस्थापकहरुको तत्काल चुक्ता गर्न कबुल गरेको | (६)(ग) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको | सर्वसाधारण तथा कर्मचारीहरुलाई शेयर |

Anil K. Rungta

UNIVERSAL POWER COMPANY LTD.

| | | |
|---|---|---|
| पूंजी रु १,००,००,००० (एक करोड) हुनेछ । | छ र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ५४ प्रतिशत हुनेछ । सर्वसाधारण शेयरधनीहरुलाई समूह "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ४६ प्रतिशत हुनेछ । सर्वसाधारण शेयरधनीलाई दिइने शेयर मध्ये प्रचलित ऐन नियम बमोजिम बढिमा ५ प्रतिशत सम्म शेयर यस कम्पनीका कर्मचारीहरुलाई निष्काशन गर्न सकिनेछ । | बिक्री गर्न आवश्यक भएकोले । |
| (६)(घ) कम्पनीले प्रचलित ऐन बमोजिम सर्वसाधारणलाई २५ प्रतिशत सार्वजनिक शेयर निष्काशन गर्न सक्नेछ । | (६)(घ) हटाईएको छ । | सान्दर्भिक नरहेकोले । |
| **दफा ७ कम्पनीको शेयरको किसिम:** कम्पनीले हाल साधारण र अग्राधिकार शेयर दुवै जारी गरेको छ । अग्राधिकार शेयरलाई साधारण शेयरमा परिणत गरिनेछ । | **दफा ७ कम्पनीको शेयरको किसिम :** कम्पनीले हाल साधारण शेयर मात्र जारी गरेको छ । | अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले । |

## नियमावलीमा संशोधन (तिन महले)

| साविक व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|
| **नियम ७ विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :** | **नियम ७ विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :** | |
| (७)(क) साधारण शेयरका साथै अग्राधिकार शेयरहरु जारी गरिएको छ । | (७)(क) हाल साधारण शेयर मात्र जारी गरिएको छ । | अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले । |
| (७)(ख) अग्राधिकार शेयरधनीहरुलाई साधारण सभामा मत दिने अधिकार हुने छैन । | (७)(ख) हटाईएको छ । | अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले । |
| (७)(ग) अग्राधिकार शेयर साधारण शेयरमा परिणत भैसके पश्चात | (७)(ग) हटाईएको छ । | अग्राधिकार शेयर साधारण शेयरमा |

UNIVERSAL POWER COMPANY LTD.

Anil K. Rungta

| | | |
|---|---|---|
| सम्पूर्ण शेयरधनीहरुको दायित्व र अधिकार समान हुनेछ । यस पश्चात् अग्राधिकार शेयरधनीहरु प्रति कम्पनीको कुनै दायित्व बाँकी रहेको मानिने छैन । | | परिवर्तन हुने भएकोले । |
| **नियम ८ नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृती चाहिने वा नचाहिने :**<br><br>नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको लिखित स्वीकृती चाहीने छ । | **नियम ८ नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा . हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृती चाहिने वा नचाहिने :**<br><br>नियम ७ बमोजिम जारी भएको अग्राधिकार शेयरलाई २०७६ आषाढ मसान्त वा सो अगावै संचालक समितिले निर्णय गरी कम्पनीको वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी साधारण शेयरमा परिर्णत गर्न सकिने छ । | <br><br><br><br><br><br>अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले । |
| **नियम १३ शेयरको प्रमाण पत्र :**<br><br>कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये दुई जनाको दस्तखत हुनेछ । | **नियम १३ शेयरको प्रमाण पत्र :**<br><br>कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा अध्यक्ष वा कुनै एक संचालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ । | <br><br>कम्पनी ऐन, २०६३ अनुरुप हुनु पर्ने भएकोले । |
| **नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br><br>(२७)(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।<br><br>(२७)(२) यस कम्पनीमा देहाय अनुसार हुने गरी ५ (पाँच) जनाको सञ्चालक समिति हुनेछ । | **नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br><br>(२७)(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन संस्थापक समूह र सर्वसाधारण समूहका शेयरधनीहरुले आ-आफ्नो समूहबाट उपदफा २ बमोजिम सञ्चालक नियुक्त वा निर्वाचन गर्नेछन् । तर, स्वतन्त्र संचालकको नियुक्ती प्रचलित ऐन बमोजिम संचालक समितिबाट हुनेछ ।<br><br>(२७)(२) यस कम्पनीमा कम्तीमा एक जना महिला सहित सात जनाको सञ्चालक समिति हुनेछ । जसको गठन विधि निम्नानुसार हुनेछ । | <br><br><br>सञ्चालकहरुको नियुक्ती गर्न समुह आवश्यक परेकोले ।<br><br>सञ्चालकहरुको नियुक्ती गर्न समुह आवश्यक परेकोले । |

| | | |
|---|---|---|
| क) सि.ई.डि.बी. हाईड्रो फण्ड लि. बाट मनोनित - ३ जना<br>ख) साधारण सभाबाट नियुक्ति निर्वाचन - १ जना<br>ग) सर्वसाधारणबाट निर्वाचित - १ जना | (क) समुह "क" बाट ४ जना<br><br>(ख) समुह "ख" बाट ३ जना | |

**प्रस्ताव नं. ४ (ख) २**

यस कम्पनीमा हाल कायम रहेका सम्पूर्ण अग्राधिकार शेयरधनीहरुको शेयरलाई साधारण शेयरमा परिवर्तन गर्ने सम्बन्धमा राखिएको प्रस्तावका सम्बन्धमा छलफल गर्दा अग्राधिकार शेयरलाई समान अधिकार भएको साधारण शेयरमा परिवर्तन गर्ने निर्णय सर्वसम्मतले गरियो ।

**प्रस्ताव नं. ४ (ख) ३**

अध्यक्ष ज्यूले यस कम्पनीको शेयर सार्वजनिक रुपमा निष्काशन गर्न आवश्यक परेको हुँदा सो सम्बन्धी प्रस्ताव अनुमोदनका लागी यस साधारण सभामा पेश गर्नु भयो ।
छलफल र विचार पश्चात, सवै शेयरधनीहरु द्वारा यस कम्पनीको शेयर सार्वजनिक रुपमा निष्काशन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो । साथै सर्वसाधारणका लागि शेयर निष्काशन गर्ने सम्बन्धी सम्पूर्ण काम कारबाही छिटो छरितो तवरले अगाडि बढाउन तथा आवश्यक निर्णय गर्न संचालक समितिलाई सम्पूर्ण अधिकार प्रदान गर्ने निर्णय गरियो ।

अन्त्यमा छलफलको लीग अन्य कुनै प्रस्ताव बाँकी नभएकोले कम्पनी सचिव ज्यूले उपस्थित शेयरधनीहरु, सञ्चालक ज्यूहरु र आमन्त्रित सबैलाई धन्यवाद दिदैं आजको साधारण सभाको बैठक समापन भएको घोषणा गर्नुभयो ।

Anil K. Rungta

UNIVERSAL POWER COMPANY LTD.